म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३४५ | शनिबार ७ साउन २०७९ | ने. सं. ११४२ दिल्लागा | 23 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

बढ्दै संक्रमण, स्वास्थ्य सुरक्षामा बेवास्था

हेटौंडा, ६ साउन/मकवानपुरमा कोरोना संक्रमण बढ्दै गइरहेको छ । विगत एक हप्तादेखि मकवानपुरको सदरमुकाम हेटौंडामा कोरोना संक्रमण बढ्द थालेको हो । पछिल्ला दिनमा देशभर कोरोना संक्रमण बढेको छ । जसमध्ये धेरै चहलपहल हुने सहरहरुमा संक्रमित धेरै फेला परिरहेका छन् । मकवानपुरमा शुक्रबार थप ७ जनामा संक्रमण पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले दिएको जानकारी अनुसार ४० जनामा गरिएको पीसीआर परीक्षणमा थप ७ जनामा संक्रमण देखिएको हो । संक्रमण देखिएका सबै हेटौंडा उपमहानगरपालिका भित्रका रहेका छन् । बिहीबार जिल्लामा ४ जनामा संक्रमण पुष्टि भएको थियो ।

तथ्यांकले पनि दैनिक संक्रमित बढिरहेको देखाएको छ । पछिल्लो २४ घण्टामा थप ७ जना संक्रमण मुक्त भएका छन् । हाल जिल्लामा २९ जना सक्रिय संक्रमित उपचाररत् रहेका छन् । उपचाररत् सबै होम आइसोलेसनमा छन् । जिल्ला प्रशासन मकवानपुरले सतर्कता अपनाउन आग्रह गरेपनि सर्वसाधारणहरु स्वास्थ्य सुरक्षा सामग्री प्रयोग नगरी हिँड्डुल गरिरहेका छन् । मकवानपुरमा हालसम्म कोरोनाको कारण १ सय ७१ जनाको मृत्यु भएको छ ।

हेटौंडा आएर देउवाले भने, 'स्वच्छ पत्रकारिताले लोकतन्त्र बलियो'

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ नेपाली कांग्रेसका सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले स्वच्छ्र र निष्पक्ष पत्रकारिताले लोकन्तत्रलाई बलियो बनाउने बताएका छन् ।

देउवाले आजको पत्रकारिता आधुनिक हुनुपर्ने पनि बताए । शुक्रबारदेखि हेटौंडामा सुरु कांग्रेस निकट नेपाल प्रेस युनियनको ९ औं केन्द्रीय महाधिवेशनलाई हेटौंडामा सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले पछिल्लो समय नियोजितरुपमा लाञ्छना लगाउने क्रम बढेको भन्दै निष्पक्ष पत्रकारिता आवश्यक रहेको औंल्याए ।

मुलुक र लोकतन्त्रलाई बलियो बनाउन स्वच्छ्र पत्रकारिता गर्नुपर्ने उनको भनाइ थियो । 'सत्यतथ्य सूचनाले मात्रै मुलुकको विकास हुन्छ । लोकतन्त्रलाई बलियो बनाउन स्वच्छ्र पत्रकारिता गर्न जरुरी छ', देउवाले भने । कांग्रेस लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रताप्रति सदैव प्रतिबद्ध रहेको उनले बताए ।

'राजनीतिक स्थायित्वको विषयमा पत्रकारिता जगतले कलम चलाउनुपर्नेआवश्यकता छ । परिवर्तनका लागि भएको नेपालको आन्दोलनमा प्रेसको भूमिका महत्वपूर्ण रहेको छ', देउवाले भने । उनले निकट भविष्यमै प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनको मिति तोकिने बताएका छन् । आगामी निर्वाचनलाई स्वच्छ्र, भयरहित र मर्यादित बनाउन कलम चलाउनुपर्ने उनको भनाइ छ ।

लिखित भाषण पढ्दा देउवाले पत्रकारिता क्षेत्र थप जिम्मेवार र उत्तरदायी हुनुपर्ने बताए । स्वतन्त्रताको नाममा पत्रकारले उत्तर दायित्व भुल्न नहुने उनको भनाइ छ । देउवाले मुलुकको प्रजातन्त्र र राष्ट्रियताको सम्बर्द्धन गर्न नेपाल

प्रेस युनियनको महत्वपूर्ण भूमिका रहेको बताए । मुलुकमा प्रेस र व्यक्तिगत स्वतन्त्रताको रक्षा गर्न वर्तमान सरकार इमान्दारिपूर्वक लागि पर्ने विश्वास दिलाएका छन् ।

संविधानमा उल्लेखित प्रेस स्वतन्त्रताको साथै जनतालाई मानव अधिकारको प्रत्याभूति गर्न र उनीहरुलाई आर्थिक समृद्धितर्फ डोऱ्याउन मौजूदा सरकारले आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम ल्याएको जानकारी गराएका थिए । राज्यको सातै प्रदेशमा सर्वसाधारण नागरिकहरूलाई नागरिकता शुलभ ढंगबाट उपलब्ध गराउने उद्देश्यले वर्तमान सरकारले प्रतिनिधिसभामा नागरिकताको नयाँ विधेयक दर्ता गरी पारित गर्ने लक्ष्यका साथ अघि बढेको बताएका छन् ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेसलाई एक्लो बनाउने रणनीतिमा कम्युनिष्टहरु रहेको दाबी गरेका छन् । महाधिवेशमा सम्बोधन गर्दै नेता पौडेलले कांग्रेसमाथिको षड्यन्त्रलाई रोक्नु पर्ने बताए । 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तत्व मिलेर नेपाली कांग्रेसलाई एक्लो बनाउने प्रयास भइरहेको छ । यसलाई कांग्रेसले बेलैमा सोचविचार गर्नुपर्छ', पौडेलले भने । कम्युनिष्टभित्र दुई धार देखिएको भन्दै कांग्रेससँग नजिक भएको जस्तो गरी कम्युनिष्टसँग भिल्नु हुँदैन पनि भन्ने र कम्युनिष्टहरु एक हुनुपर्छ भनेको देखिएको उनले बताए ।

'माओवादीभित्र पनि एकधरी हामी कम्युनिष्ट एकता गर्नुपर्छ भन्ने नारा अहिले लगाइरहेका छन्, समाजवादीभित्र पनि कम्युनिष्ट एकता गर्नुपर्छ भनेर दौडिरहेका छन्', पौडेलले भने ।

नेता पौडेलले स्थायित्व, सामजिक न्याय र विकासको लागि गठबन्धन आवश्यक रहेको औंल्याए । तालमेलबाट नेपाली कांग्रेसलाई घाटा नभएको भन्दै उनले कांग्रेसभित्र एकता कायम नभएसम्म सोचेको सफलता प्राप्त नहुने बताए ।

उनले आफूभित्रको एकता कायम गर्नको लागि प्रेस युनियनलाई समेत अनुरोध गरे । विगतमा गलत र भ्रामक कुरा प्रचार गरेर सत्ता टिकाउने काम भएको भन्दै पौडेलले पत्रकारिकता जिम्मेवार हुनुपर्ने बताएका छन् । लोकतन्त्र ल्याउन पत्रकारहरुको धेरै भूमिका रहेको उनको भनाइ छ ।

नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कांग्रेस संधै प्रेस स्वतन्त्रको पक्षमा रहेको बताएका छन् । प्रेस स्वतन्त्रता र अभिव्यक्त स्वतन्त्रतालाई संरक्षण गर्ने दायित्व राज्यको रहेको कार्कीले बताएका हुन् ।

विचार तथा अभिव्यक्ती, प्रेस स्वतन्त्रतामा नेपाललाई दक्षिण एसियामै नमूना बनाउने सरकारको लक्ष्य रहेको उनले बताए । उनले नेपाललाई श्रीलंका बनाउन खोजिएको भनेर भ्रम छरिएको भन्दै मुलुकको आथतन्त्र ठीक अवस्थामा रहेको दाबी गरे ।

'देश श्रीलंका हुन लागेको भनेर चोक, गल्लीमा अफवाह फैलाइएको छ । जनतामा पुऱ्याइएको भ्रम युनियनले चिर्नुपर्छ । नेपाल निकट भविष्यमै दक्षिण एसियाको सबल अर्थतन्त्र भएको मुलुक बन्नेछ', कार्कीले भने ।

नेपालबाट भारत बिजुली लगेर आम्दानीको सुरुवात भएको उनले बताए । नेपालबाट सिमेन्ट र रड निर्यात सुरुवात भएको भन्दै अब मुलुकको अर्थतन्त्र फेरिने उनको भनाइ छ । देशलाई १० वर्षभित्र दक्षिण एसियाको विकासशील मुलुक बनाउन सकिने उनले बताए ।

पत्रकारहरुको क्षमता अभिवृद्धि र पत्रकारितालाई अधिकार सम्पन्न बनाउन राज्यले भूमिका खेल्ने मन्त्री कार्कीले बताए ।

कांग्रेस महामन्त्री गगन थापाले ३० औं वर्षको पञ्चायती कालो समयमा युनियनलाई अगाडि बढाउनेलाई सम्झिएका छन् । लोकतन्त्रलाई बलियो बनाउन युनियनका पत्रकारहरुले भूमिका खेलेको उनले बताए । युनियननिकट पत्रकारहरुलाई सरकारको प्रशंसा र आलोचना दुबै गर्दै तथ्यका आधारमा समाचार लेख्न उनको आग्रह छ ।

मकवानपुरमा तीन दिन बाढीको खतरा

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ मकवानपुरका खोलाहरुमा आगामी तीन दिन बाढीको जोखिम रहेको बाढी पूर्वानुमान महाशाखाले जानकारी दिएको छ ।

महाशाखाका अनुसार मकवानपुरसहित देशका अन्य १८ वटा जिल्लामा निरन्तर वर्षा हुने भएकाले बाढीको खतरा बढेको हो । मकवानपुरसहित १८ जिल्लाका नदी तथा खोलामा ६ साउनदेखि तीन दिनसम्म पानीको बहाव बढ्ने सम्भावना रहेकाले सचेत रहन बाढी पूर्वानुमान महाशाखाले आग्रह गरेको छ । बागमती प्रदेशका ७ जिल्लाको नदी र खोलामा बाढीको खतरा रहेको जनाइएको हो । बागमतीको मकवानपुरसहित, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काठमाडौं, ललितपुर र धादिङमा बाढीको खतरा रहेको महाशाखाले जनाएको हो ।

बागमतीका ७ जिल्लामध्ये सिन्धुपाल्चोक र दोलखा बाढीको अति जोखिम भएका क्षेत्र हुन् । सिन्धुपाल्चोकको मेलम्ची र बाह्रबिसेमा गतवर्ष बाढीले जनधनको ठूलो क्षति भएको थियो ।

बाढी पूर्वानुमान महाशाखाले लमजुङको नदी तथा खोलामा पनि बाढी आउन सक्ने जनाएको छ । यसैगरी, रुकुम पश्चिम, जाजरकोट, दैलेख, कालीकोट, कैलाली, अछाम, डोटी, डडेल्धुरा, दार्चुला र बैतडी जिल्ला आसपास भइ बग्ने साना नदी तथा खोलामा पनि आकस्मिक बाढीको खतरा रहेको जनाइएको छ ।

जोखिम रहेका जिल्लाहरुमा नदी तथा खोला आसपासमा बस्दै आएकाहरूलाई सचेत रहन महाशाखाले आग्रह गरेको छ । कोशी, नारायणी, कर्नाई, कर्णाली, महाकालीलगायत ठूला नदीमा भने तीन दिनसम्म पानीको सतह सतर्कता तहभन्दा तल नै रहने अनुमान गरिएको बाढी पूर्वानुमान महाशाखाले जनाएको छ ।

मकवानपुरबाट दुई उपाध्यक्षसहित ३ जनाको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ नेपाली कांग्रेसनिकट पत्रकारहरुको संस्था नेपाल प्रेस युनियनको हेटौंडामा भइरहेको नवौं महाधिवेशनमा मकवानपुरबाट तीन जनाले उम्मेदवारी दर्ता गरेका छन् ।

केन्द्रीय उपाध्यक्षमा दुई जना र एक जनाले केन्द्रीय सदस्यमा उम्मेदवारी दर्ता गराएका हुन् । आज शनिबार हुने निर्वाचनका लागि खुला केन्द्रीय उपाध्यक्ष पदमा मकवानपुरका राममणि दाहाल, उपाध्यक्ष (बागमती प्रदेश) पदमा गिरिजाप्रसाद अधिकारीले शुक्रबार मनोनयन दर्ता गराएका हुन् । केन्द्रीय सदस्यमा राजन दाहाल खुशराजले उम्मेदवारी दर्ता गराएका छन् । दाहाल संस्थापन इतरको प्यानलबाट उपाध्यक्ष पदको उम्मेदवार बनेका हुन् । अधिकारी संस्थापन पक्षबाट उपाध्यक्षको उम्मेदवार हुन् । नेपाल पत्रकार महासंघ मकवानपुरका



पूर्वअध्यक्ष दाहाल गोरखापत्र दैनिकको बागमती प्रदेश संयोजक हुन् । महासंघ मकवानपुरका पूर्वउपाध्यक्ष अधिकारी हेटौंडाबाट तु खबर उटकम अनलाइन सञ्चालन गर्छन् । सदस्य पदका उम्मेदवार दाहाल रेडियो मकवानपुरमा आबद्ध छन् । महाधिवेशनमा संस्थापन पक्ष र संस्थापन इत्तर पक्षबीच कडा प्रतिस्पर्धा हुने भएको छ । महाधिवेशनमा दुवै पक्षले प्यानल बनाएर निर्वाचनमा होमिन लागेका हुन् । ८ वर्षपछि हुन लागेको महाधिवेशनमा आगामी तीन वर्षका लागि अध्यक्षमा संस्थापनबाट अनिता बिन्दु र संस्थापन इतरको समूहबाट शिव लम्सालले उम्मेदवारी दिएका छन् ।

मकवानपुरका जनप्रतिनिधि कानुन कार्यान्वयनमा अटेरी

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ मकवानपुरका नवनिर्वाचित जनप्रतिनिधिहरुले स्थानीय तह निर्वाचन ऐन, २०७६ लाई अटेर गरेको पाइएको छ ।

३० वैशाखमा भएको स्थानीय तह निर्वाचनबाट बिजयी भएका जिल्लाका अधिकांश जनप्रतिनिधिहरु कानुन कार्यान्वयन गर्नबाट अटेर भइरहेको पाइएको हो । निर्वाचित जनप्रतिनिधिले निर्वाचन खर्च विवरण नबुझाए कानुनको बर्खिलाप गरिरहेका हुन् ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४(४) अनुसार निर्वाचन खर्चको विवरण दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र आयोगले तोकेको कार्यालयसमक्ष बुझाउनुपर्ने व्यवस्था छ । तर, जिल्लाका अधिकांश निर्वाचित जनप्रतिनिधिहरुले खर्च विवरण नबुझाएका हुन् । निर्वाचन कार्यालय मकवानपुरका अनुसार ४ सय १ जनप्रतिनिधिहरुले अझै निर्वाचनमा भएको खर्चको विवरण नबुझाएका हुन् । मकवानपुरको १० स्थानीय तहहरुमा कूल ५ सय ५१ जना जनप्रतिनिधिमध्ये हालसम्म १ सय ५० जनाले मात्रै खर्च विवरण पेश गरेको जिल्ला निर्वाचन कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

हालसम्म हेटौंडा उपमहानगरपलिकाका ५५ जना, राक्सिराङ गाउँपालिकाका ४ जना, कैलाश गाउँपालिकाका ५ जना, बागमती गाउँपालिकाका ६ जना र मकवानपुरगढी गाउँपालिकाका १३ जना, मनहरी गाउँपालिकाका ९ जना, भीमफेदी गाउँपालिकाका ३० जना, थाहा नगरपालिकाका २२ जना र बकैया गाउँपालिकाका ६ जना जनप्रतिनिधिहरुले खर्च विवरण पेश गरेका छन् । जिल्लाको ईन्द्रसरोवर गाउँपालिकाको कुनैपनि जनप्रतिनिधिले चुनावी खर्च विवरण पेश गरेका छैनन् । कानुनलाई अटेर गरी खर्च विवरण नबुझाएका जनप्रतिनिधिहरुलाई कडा कारबाही नहुँदा हरेक वर्ष कानुन कार्यान्वयनमा चुनौती थपिँदै गइरहेको छ ।

नागरिकता विधेयकका व्यवस्था विगतकै निरन्तरता : थापा

काठमाडौं, ६ साउन (राससं)/ नेपाली कांग्रेसका सांसद गगन थापाले वैवाहिक सम्बन्धका आधारमा अङ्गीकृत नागरिकता पाउने व्यवस्था विगतकै निरन्तरता बमोजिम नयाँ विधेयकमा गरिएको बताएको छ । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा नेपाल नागरिकता ऐन, २०६३ (पहिलो संशोधन), विधेयक २०७९ माथिको छलफलमा भाग लिँदै नेता थापाले कुनै पनि नागरिक नागरिकताको अवसरबाट वञ्चित हुन नहुने बताए ।

बागमती प्रदेशमा बढ्यो भाडा

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ बागमती प्रदेशमा सार्वजनिक सवारीको भडा बढेको छ । प्रदेश सरकारले ५ साउन बिहीवार सार्वजनिक सवारीको भाडा वृद्धि गरेको हो ।

बढेको भाडादर प्रदेश सरकारले राजपत्रमा प्रकाशनसमेत गरिसकेको छ । लागू भाडादर अनुसार काठमाडौं उपत्यकामा भने पुरानै भाडा कायम छ । उपत्यकामा पाँच किलोमिटरसम्मको २० रुपैयाँ भाडा कायम गरेको हो । १० किलोमिटरसम्मको भाडा २५ बाट बढेर २७ रुपैयाँ पुऱ्याइएको छ । २० किलोमिटरभन्दा माथिको भाडा ३८ बाट ४० रुपैयाँ, २० किलोमिटर सम्मको भाडा ३३ बाट ३५ रुपैयाँ र १५ किलोमिटरसम्मको भाडा ३० बाट बढेर ३२ रुपैयाँ पुगेको श्रम रोजगार तथा यातायात मन्त्रालयले जनाएको छ ।

उपत्यका बाहिर बागमती प्रदेश क्षेत्रमा यसअघिको भाडामा आठ दशमलव ३९ प्रतिशतले बढेको श्रम रोजगार तथा यातायात मन्त्रालयले जनाएको छ ।

पेट्रोलियम पदार्थमा मूल्य वृद्धि भएसँगै भाडा निरन्तर उकालो लागिरहेको छ । सरकारले तोकेको भाडा दरको पूर्ण कार्यान्वयन नभएको सर्वसाधारणहरुको गुनासो छ । मकवानपुरमा सञ्चालन हुने सार्वजनिक सवारीहरुले मनलाग्दी भाडा लिँदै आएको यात्रुहरुले गुनासो गरेका छन् ।

सेवा सुधारको नाममा अवाञ्छित गतिविधि नगर्न चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लास्थित सार्वजनिक निकायहरुमा सेवा सुधारको नाममा अवाञ्छित गतिविधि नगर्न चेतावनी दिएको छ ।

विभिन्न समूहले जिल्लामा अनुगमनको नाममा अवाञ्छित गतिविधि गरेको भन्दै शुक्रबार यस्ता कार्य नगर्न चेतावनी दिएको हो । मकवानपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) राजेन्द्र देव पाण्डेले पछिल्लो समय विभिन्न समूहबाट सेवा सुधारको नाममा सरकारी कार्यालय, अस्पताल, विद्यालयलगायतका क्षेत्रमा प्रवेश गरेर अवाञ्छित गतिविधि गरेको र सार्वजनिक विदाको दिन सरकारी सवारी साधन चलाएको भन्दै

सवारी रोक्ने, चाबी खोस्नेलगायतको गतिविधि गर्ने परिपाटी बिस्तार हुँदै गएको पाइएको भन्दै उक्त कार्य नगर्न चेतावनी दिएका हुन् ।

प्रजिअ पाण्डेले सरकारी निकायको सेवा प्रवाह सम्बन्धमा कुनै गुनासा भए प्रचलित कानूनले तोकेको विधिअनुरुपको प्रक्रिया अबलम्बन गर्न आग्रह गरेका छन् । सूचनाको बर्खिलाप हुने गरी कुनैपनि गतिविधि संचालन गरे, गराइएको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने सूचनामा उल्लेख छ । सार्वजनिक सेवा सुधार संघर्ष समितिको नाममा पछिल्लो समय हेटौंडा अस्पताल, शैक्षिक संस्था र मालपोत कार्यालयमा उनीहरुले सेवा प्रवाहको विषयमा चासो लिँदै आएका छन् ।

कर्मचारी आवश्यकता T.V.S **शोरूम**

यस हेटौंडा अटो मार्ट प्रालिका लागि कर्मचारी आवश्यकता भएकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

Accountant: 1
Store keeper: 1

सम्पर्क फोन:
०५७-५९०४४६, ९८४५४५००५१
सितल महलचोक-४

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

चीनले बनायो प्लास्टिक खाने रोबोट माछा

चीनका वैज्ञानिकहरुले एउटा यस्तो माछा तयार पारेका छन् जसले सुक्ष्म प्लास्टिक अर्थात् माइक्रो प्लास्टिक खाएर आफ्नो पेट भर्दछ । योसँगै अब समुद्रबाट माइक्रोप्लास्टिकको समस्या समाधान हुने आशा जागेको छ ।

चीनको दक्षिण पश्चिमस्थित सिचुआन विश्वविद्यालयका वैज्ञानिकहरुले उक्त विशेष रोबोटिक माछा तयार गरेका हुन् । यो रोबोटिक माछाले माइक्रोप्लास्टिक खाने गर्दछ । यो रोबोटिक माछाको विकाससँगै अब भविष्यमा समुद्रमा माइक्रोप्लास्टिक प्रदूषणको समस्या हट्ने अपेक्षा गरिएको छ । उक्त रोबोटिक माछाको विकास गर्ने वैज्ञानिक वांग युयानका अनुसार यो माछा देख्दा र छुँदा ठ्याक्कै वास्तविक माछा जस्तै अनुभूति हुन्छ । यसको लम्बाइ १.३ सेन्टिमिटर अर्थात् आधा इन्च मात्रै छ । यो रोबोटिक माछाले पानीमा रहेको माइक्रोप्लास्टिकलाई खाने गर्दछ ।

हालका लागि यो रोबोटिक माछाले कम गहिरो पानीका स्रोतमा मात्र काम गर्न सक्दछ । त्यसैले यसलाई समुद्रको पिँधसम्मै जानसक्ने गरी विकास गर्नेतर्फ वैज्ञानिकहरु जुटिरहेका छन् । यदि त्यो प्रयास सफल भएमा सामुद्रिक प्रदूषण कम गर्न सहयोग पुग्नेछ । वांगका अनुसार यो सानो र हलुका रोबोट माछालाई विभिन्न तरिकाले उपयोग गर्न सकिन्छ । यो



माछा वायोमेडिकल तथा घातक शल्यक्रियाहरुमा पनि काम लाग्न सक्दछ । उक्त माछालाई भविष्यमा मानिसको शरीरका जुनसुकै भागमा पनि गएर रोगको उपचार गर्न सक्ने गरी सानो आकारमा विकसित गर्ने वांग बताउँछन् ।

वैज्ञानिकहरुले यो माछालाई प्रकाशको आधारमा चल्नसक्ने बनाएका छन् । हाल यो रोबोटिक माछा नियर इन्फ्रारेड लाइट (NIR) को दिशामा अगाडि बढ्दछ । अर्थात् यो प्रकाश पछ्याउँदै अगाडि बढ्दछ । प्रकाशलाई घटबढ गर्दै यसको दिशा तथा गति नियन्त्रण गर्न सकिन्छ । समुद्रमा रहँदा कुनै ठूलो माछाले यसलाई सिकार सम्झेर निल्यो भनेपनि समस्या छैन । यसले ठूलो माछाको पेटमा कुनै हानी गर्दैन । किनकी यसको शरीर पोलियुरिथेनबाट बनेको हुन्छ, जुन जैविक तरिकाबाट गल्दछ ।

यो रोबोटिक माछा आफ्नो शरीरको आकारको करीब पौने ३ गुणा धेरै दूरी प्रतिसेकेण्डको गतिमा दौडिन सक्दछ । यो विश्वमा हालसम्म निर्मित नरम रोबोटमध्ये सबैभन्दा तीव्र गतिको रोबोट भएको बताइएको छ । *-एजेन्सीको सहयोगमा*

यौन/जीवनशैली

६० कटेसी रमाउँला.....

६० वर्ष पार गरेपछि मान्छेको मनोदशा कस्तो हुन्छ ? यो प्रश्न किन पनि जरुरी छ भने जीवनको उत्तरार्द्धे त्यति रसिलो र भरिलो हुँदैन, जति पूर्वार्द्धमा हुनेगर्छ । यतिबेला शरीर कमजोर भइसकेको हुनसक्छ । दीर्घरोगले गाँजेको हुनसक्छ । कामबाट अवकाश पाइसकेको हुनसक्छ । शाखा-सन्तान छुटिसकेको हुनसक्छ । जीवन एक्लैदै गएको हुनसक्छ ।

यतिबेला शरीरमा जोश र उर्जा हराउँदै गएको होला, मनमा आकांक्षा र रहर खुम्चिँदै गएको होला, जीवनका रहर र रंगहरु उजाडिँदै गएको होला । यस्तो स्थितिमा मान्छे कस्तो हुन्छ ? 'बुढ्यौलीतिर ढल्किँदै गएपछि समाज, परिवारले अलि बेवास्ता गर्ने प्रवृत्ति छ,' मनोविद् डा. नरेन्द्र सिंह ठगुन्ना भन्छन्, 'त्यसैले उनीहरु एक्लो महसुस गर्न थाल्छन् ।' अक्सर बुढापाकाहरु रिसाउने, झर्किने, साना बालबालिका जस्तो व्यवहार गर्ने कारण पनि यही हो ।

६० वर्षको उमेर, जो समयले धेरै कुरा पकाइसकेको हुन्छ । दुःख-सुख, खुसी-पीडा, संयोग-वियोग सबै कुरा झेलिसकेका हुन्छन् । वास्तवमै यो एक परिपक्व उमेर हो । यद्यपि बुढ्यौली उमेरमा मान्छेले काम गर्न सक्दैन भन्ने बुझाइ छ । उनीहरुलाई 'अनुत्पादक' मानिन्छ । ६० वर्षको उमेर भन्दाअघि बाहिरको उसको सम्बन्ध, काम गर्ने ठाउँ र परिवारको संरचना फरक हुन्छ । तर एक्कासी त्यो सब परिवेश छाड्दा उसमा केही न केही परिवर्तन त आउँछ नै । 'समाज र परिवारले वृद्धवृद्धाले काम गर्न सक्दैनन् भनेर उनीहरूले गर्न लागेको काम पनि बुबा तपाई नगर्नुस्, आमा तपाई नगर्नुस्, बसिराख्नुस् भनेर उनीहरूलाई आइसोलेटेड गरिदिन्छन्,' डा. ठगुन्ना भन्छन् ।

६० कटेपछि शिथिल !

६० वर्षको उमेरअघि मानिसहरू एकदमै सक्रिय हुन्छन् । तर ६० वर्ष उमेर कटिसकेपछि भने सक्रिय हुन छाड्नुपर्छ भन्ने मानसिकता नेपाली समाजमा व्याप्त छ । यस्तो मानसिकताले गर्दा नै नेपालमा धेरै वृद्धवृद्धा ६० वर्षपछि जोसिलो र उत्सुक हुँदैनन् । हामी सक्षम छौं हामी अरूको आशमा बस्नु हुँदैन भन्ने सोच ६० वर्षसम्मका मानिसको हुन्छ । तर ६० कटिसकेपछि भने जोस जाँगर हराउँछ, आफूले केही गर्न सकिँदैन अरूको आशमा बस्नुपर्छ भन्ने सोच धेरै ज्येष्ठ नागरिकमा पाइने मनोविद् गृष्मा पनेरु बताउँछिन् ।

वृद्धवृद्धामा जोस जाँगर र उमंग नहुनुको सबैभन्दा अर्को मुख्य कारण भनेको युवाहरू विदेशिनु पनि हो । हरेकजसो घरबाट एउटा न एउटा युवा विदेशिएका हुन्छन् । घरमा बुवाआमा वा हजुरबा-हजुरआमा मात्र छन् । यसरी घरमा वृद्धवृद्धा मात्र निष्क्रिय भएर बस्दा शारीरिक तथा मानसिक रूपमा पनि केही न केही असर त पर्कै पर्ने पनेरु बताउँछिन् ।

'ज्येष्ठ नागरिकहरूले ६० वर्षपछि हामी निष्क्रिय हुन्छौं, केही काम गर्न सक्दैनौं भन्ने मानसिकता छ,' उनी भन्छिन्, 'यस्तो सोचाइ राख्नुभन्दा म स्वस्थ छु, उत्साह र उमंगले भरिएको छु भन्ने सोच राख्नुपर्छ ।' हाम्रो समाजले पनि यस्तो मानसिकतालाई प्रोत्साहन गरिरहेको हुन्छ । वृद्धवृद्धा भएपछि घरमा निष्क्रिय बस्नुपर्छ भन्ने वातावरण सिर्जना गरिदिएको हुन्छ । तर काम गरिरहेको मान्छेले एक्कासि काम गर्न छाडेर निष्क्रिय बस्दा उसमा झनै नकारात्मक असर पर्ने उनी बताउँछिन् । उनका अनुसार कुनै पनि व्यक्ति स्वस्थ हुन शारीरिक र मानसिक दुवै रूपमा स्वस्थ हुनु जरुरी हुन्छ । 'खुला मानसिकता भएको व्यक्ति छन् भने उनीहरू ६० कटिसकेपछि पनि कुनै पनि काम गर्न, नयाँ काम सिक्न पछि हट्दैनन्,' पनेरु भन्छिन्,

'तर कमजोर मानसिकता भएको व्यक्ति छन् भने चाहिँ ६० काटेपछि अब मेरो समय गयो, म केही गर्न सक्दिन भन्छन् ।' एक अध्ययन अनुसार मानिसको उमेर र उसको सोंचबीच खास तालमेल रहन्छ । कुनै व्यक्तिले आफूलाई पाको वा बुढो सोच्छ भने त्यसको प्रभाव उनको काम गर्ने शैली, गतिशीलता र ऊर्जामा पर्छ । जस्तो कि एउटा पाको उमेरका व्यक्तिले आफूलाई जवान सोच्छ भने उनमा ऊर्जा र उत्साह हुन्छ । यसैगरी कुनै युवाले आफूलाई बुढो सोच्छ भने उनको कार्यक्षमता पनि कमजोर देखिन्छ ।

प्रतीकात्मक तस्वीर

मनोविज्ञ भन्छन्, 'कुनै पनि व्यक्ति कस्तो मानसिकताको छ त्यसले पनि उसको सक्रिय हुने उमेरलाई फरक पार्छ ।' समय अनुसारका चलन गलत हुनु भन्ने मानसिकता भएका व्यक्ति छन् भने उनीहरूलाई उमेर ढल्किँदै जाँदा समयसँग चल्न गाह्रो हुन्छ । तर समय अनुसारको चलन र परम्परालाई आत्मसात् गर्दै चल्ने व्यक्ति भने उमेर ढल्किँदै जाँदा पनि समयसँगै आफूलाई ढालेर अघि बढ्छ । वृद्धवृद्धा कस्तो वातावरणमा बसेका छन्, त्यसले पनि उनीहरूलाई निष्क्रिय बनाउँछ । यदि राम्रो वातावरणमा बसेका छन् भने त्यसले पनि उनीहरूको मुड परिवर्तन गरेर खुसी बनाउने पनेरुको तर्क छ ।

ज्येष्ठ नागरिकको बीए र ज्ञानको सदुपयोग

एक अध्ययन अनुसार मानिसको उमेर र उसको सोंचबीच खास तालमेल रहन्छ । कुनै व्यक्तिले आफूलाई पाको वा बुढो सोच्छ भने त्यसको प्रभाव उनको काम गर्ने शैली, गतिशीलता र ऊर्जामा पर्छ । उमेर हद अनुसार ५८ वर्षपछि कुनै पनि कामबाट अवकाश दिइन्छ । अवकाशपछि पनि धेरै मान्छेको गति धीमा हुन थाल्छ । यो उमेरमा अधिकांश सक्रिय हुन चाहँदैनन् । यसमा उनीहरुको मनोविज्ञान र कामको अवसर दुवै कारण बन्ने गरेको छ । अक्सर ६० वर्षपछि नयाँ रोजगारी दिने वा खोज्ने प्रवृत्ति हुँदैन । यस उमेरपछि उनीहरुले नयाँ उद्यम वा व्यवसाय सुरु गर्ने मनस्थिति पनि हत्तपत्त बनाउँदैनन् । यस्तो अवस्थामा आफूसँग भएको क्षमतालाई पनि दबाएर बस्नुपर्ने अवस्था सिर्जना हुने समाजशास्त्री डा. टिकाराम गौतम बताउँछन् ।

राज्य र समाज दुई मिलेर वृद्धावृद्धाको सिप र ज्ञानलाई उपयोग गर्नको लागि के कस्तो कार्य गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिनु जरुरी छ । त्यस्तो भएको खण्डमा उनीहरू पनि सक्रिय हुने तथा समाज र राज्यले पनि त्यसबाट लाभ लिन सक्ने गौतमको तर्क छ । अन्य देशमा कामको लागि उमेर हद तोकिँदैन । जति उमेर सम्म उसले काम गर्न सक्छ त्यति उमेरसम्म उनीहरूलाई काम गर्न दिइन्छ । तर हाम्रो देशमा भने रिटायरमेन्टको बाध्यात्मक व्यवस्था छ । क्रियाशीलता भन्दा पनि उमेरको हद छ त्यसैले कुनै व्यक्ति ६० कटिसकेपछि सक्रिय हुँदाहुँदै पनि काम छाड्नुपर्छ । गौतम भन्छन्, 'यसले ज्येष्ठ नागरिकलाई वैज्ञानिक रूपमा पनि असर गर्छ ।' ६० वर्षको उमेर भन्दाअघि बाहिरको उसको सम्बन्ध, काम गर्ने ठाउँ र परिवारको संरचना फरक हुन्छ । तर एक्कासी त्यो सब परिवेश छाड्दा उसमा केही न केही परिवर्तन त आउँछ नै ।

६० कटेसी रमाउने

६० कटेपछि वृद्धवृद्धाको मनोदशा परिवर्तन नहोस् भन्नका लागि उनीहरूले गर्न सक्ने काम गर्न दिनुपर्ने ठगुन्ना बताउँछन् । 'चीनमा ज्येष्ठ नागरिकलाई सक्रिय राख्ने एउटा चलन छ । त्यहाँ घरको सामान किन्नका लागि ज्येष्ठ नागरिकहरूलाई पसल पठाउने गरिन्छ । यसको मतलब वृद्ध भए पनि उनीहरूले केही काम त राम्ररी गर्न सक्छन् र उनीहरूमा आत्मसम्मान पनि रहिरहन्छ,' उनी भन्छन् ।

६० वर्ष कटेका वृद्धवृद्धालाई सक्रिय र खुसी बनाउन उनीहरूको जीवनशैलीलाई पनि विशेष ध्यान दिनुपर्छ । उनीहरूको खानपान, सुताइको पोजिसन लगायतमा ध्यान दिएर बेलाबेलामा स्वास्थ्य परीक्षण गराउने हो भने उनीहरुमा जोस, उत्सुकता र उमंग भरिन्छ । ठगुन्ना भन्छन्, 'परिवारका सदस्यहरूले पनि ज्येष्ठ नागरिकलाई अलि बढी समय दिनुपर्ने हुन्छ । ठूला व्यक्तिहरू काममा व्यस्त छन् भने ज्येष्ठ नागरिकलाई साना बालबालिकासँग भए पनि समय बिताउन लगाउने, उनीहरूको अनुभव सुनाउन लगाउने गर्नुपर्छ ।'

बढ्दो सहरीकरण, खानपान र आधुनिक जीवनशैलीका पनि मानिसलाई उमेर भन्दाअघि बढी उमेरको देखिन्छ । ६० कटेपछि शरीरमा धेरै स्फूर्ति नहोला, तर सक्ने काम गर्ने, हिंडडुल गर्ने, सकेको काम गर्ने हो भने उमेर ढल्किँदै गए पनि मान्छे धेरै बुढो र कमजोर नदेखिने पनेरु बताउँछिन् ।

-साभार: अनलाइनखबर

साहित्य

लघुकथा

अन्तर्घात

वासुदेव पाण्डेय 'प्रभाकर'

'भोट क्यौन ? रुखौन । भोट क्यौन ? आँसी हतौडाउन ।' दलीय गठबन्धनपछिको चुनावमा यस्तै नाराबाजीले गुन्जायमान जुलुस गाउँ प्रवेश गर्दा माओवादीको भागमा परेको झन्झटपुर गाउँपालिकाको अध्यक्षको उम्मेदवार जयन्तलाई चुनाव जित्नेमा शङ्कै थिएन ।

गठबन्धन गरेकाले कांग्रेसजनको सबै भोट आउनेमा ऊ ढुक्क थियो । पार्टी प्रवेशको लहर,बढ्दो ध्रुवीकरण, गठबन्धनपछिको जनउत्साहलाई नजरअन्दाज गर्दै जयन्त बहुसंख्यक कांग्रेसी मतदाताको मत पाई जित्नेमा ढुक्क थियो । भेट हुँदा पनि 'हामीले जित्ने पक्का छ । विपक्षीलाई त हामी धुलो चटाउँछौं' भन्ने गर्थ्यो । गाउँघरमा 'दिउँसो सूर्य आउँछ र राति तारा' भन्ने हल्ला चल्यो । राजनीतिक दलले नतिजा आफ्नो पक्षमा पार्न साम, दाम, दण्ड र भेद सबै अस्त्र प्रयोग गरे ।

चुनावको लागि जयन्त तन, मन, धन, वचन र खटन सबै कोणबाट सरिक भयो । गुट र फुटको प्रत्यक्ष असर देखियो । बाहिर गठबन्धन भनिए पनि 'मुख नहेर्नू तर रुख हेर्नू' बाट प्रशिक्षित चारतारे पक्षले मुख देखेन । चुनाव सम्पन्न भई नतिजा पनि आयो । जयन्तले भनेजझैँ नभई विपक्षी उम्मेदवार 'सूर्यप्रसाद' भारी मतले विजयी भए ।

त्यसपछि जयन्तको फूर्ति सेलायो। चुनाव हार्नाको कारणबारे गठबन्धनभित्र व्यापक छलफल हुँदा अनेक सम्भावनाहरू निस्के । धेरैले 'धाँदली', 'धोका र 'राजनीतिक बेइमानी' लाई पराजयको कारण ठहराए तर जयन्त भने मौन रूपमा बसिरह्यो ।

सँकपक्ष दुःख भूल्न गरिएको सुरापान कार्यक्रमा पनि चुनावी समीक्षा हुँदा सबै रडमडाई रहेका जस्ता देखेपछि उसको मुखबाट अचानक 'अन्तर्घात'भन्ने शब्द निस्क्यो जुन उसका विचारमा पराजयको कारण थियो । -नेपाली साहित्य घर

कविता

हाम्रो देश

रविना ठाकुर

सबैभन्दा राम्रो प्यारो हो यो देश हाम्रो
जाति पाजि उच्च निच्च छैन भेद्भाव

वीर गोर्खालीको हो यो देश शान्ति नेपाल
गौतमबुद्ध जन्मिएको तपोभूमि नेपाल

भानुभक्त भाषा प्रेमी नेपालका निधि
नेपालभरि रामायणले गरे चिनजानी

मोती जस्ता चहकिला मोती, राम हाम्रा
भानुलाई चिनाउने सबैभन्दा राम्रा
मेटिन नपाओस् वीर गोर्खालीको शान
भावनाको स्व्च्छ हो नेपाली महान्

सुन्नु पर्यो सबैले एउटा सन्देश हाम्रो
राम्रो नराम्रो जस्तो भए पनि नेपाल देश हाम्रो

विशाल हो यसको लोकतन्त्र, विशाल हो अखण्डता
सबैलाई प्यारो लाग्छ यो देशको स्वतन्त्रता

एशियामा अवस्थित नेपाल सानो देश
सुन्दर राष्ट्र देश हाम्रो विश्वमै छ बेस

श्रमिक माध्यमिक विद्यालय (हेटौंडा उपमहानगर पालिकाद्वारा आयोजित नवोदय शिशु सदनमा असार २९ गते २०९ औं भानु जयन्तीको अवसरमा भएको स्थलगत कविता प्रतियोगितामा सहभागी)

पौराणिक शास्त्रअनुसार हितोपदेश

मान्छे

लेखक
महेन्द्रनाथ शर्मा
हे.न.पा-१,
चौकीटोल

दियो आश्रय कुमान्छेमा बढि भने टाउकोमा टेक्दछ
दियो अर्ति भने रिसाई बबुरो मुन्टो उ बटार्दछ
आदर गर्दछ हितले यदि भने सम्भन्छ त्यो चाकरि
उपकार गर्न खोज्यो यदि भने गर्दैन वास्ता अरि
(१)
विश्वास धेरै गर्यो भने पछि पछि त्यो दिन्छ धोका पनि
क्षमा गर्छ भने सम्झन्छ उसले कातर रहेछन् भनि
धेरै प्रेम गर्यो भने जनमाहाँ आघाछ त्यो गर्दछ
दुखै दुःख परे उसै समयमा त्यो सुख धेरै खोज्दछ
(२)
धेरै सुख भयो भने समयमा ईस्यालु नै हुन्छ त्यो
सल्लाह हितको दियो भने अपमान नै ठान्छ त्यो
यस्ता मान्छे हुनन् यो काल कलिमा सो बाट जानि लिनु
मान्छे मान्छे माहाँ हुने ई अब गुण पैल्याई पैल्हे दिनु

जिवन के हो ?

जिवन होयो चुनौती ति पुर्ण यसमा मुकाविला खुव् गर
यो जिवन वियोगान्त हो बुझि लिई त्यसलाई सामना गर
जीवन हो विषयाद पक्ष यसमा जल्दी विजय गर
जिवन यात्रा भनेर पुर्ण गर्नु आखिरमा के छ र
(४)
यो जिवन भर अति संघर्ष हो यसमाहास्विकार आफैं गर
जिवन नै अति कर्तव्य हो बुझि लिनु त्यसलाई पालना गर
जिवन एक रहस्यपूर्ण पनि हो, आफैं उद्घाटन गर
यो जिवन पनि स्वप्न हो सहजमा त्यसलाई प्राप्त गर
(५)
हाम्रो जिवन नैं प्रतिज्ञा रुप हो यसलाई पुरा गर
जिवन नै वरदान हो क्षीतीजमा यस्मा आस्वासन गर
जिवन संगीत हो खुसी भई सधैं यस्को प्रशंसा गर
जिवन एक सौन्दर्य हो बुझिलिनु यसलाई पुजा गर
(६)
प्रैमै प्रेम माहा भरेको यो जिवन उपभोग यस्को गरी
यो जिवन पनि नर्क हो बुझि लिनु यसलाई निन्दा सरी
के हो जिवन गर्छ के भनि अनि सोचेर काम गर्नु छ
बाटो आफ्नो बनाउने मन भए सत मार्ग नै पर्दछ
(७)

मेरी आमा

पिहु पोखरेल

कक्षा : २ स्टुआर्ट लिटल, नवोदय शिशु सदन

मेरी आमा राम्री छिन्
मलाई भात खुवाउँछिन्
मसँग खेल्छिन्
म रुँदा फकाउँछिन्

मेरी आमा ममताकी खानी
रुवाउँदैनँ कहिल्यै
आमालाई जानी जानी
हामी सधैं हुनुपर्छ ज्ञानी

मृत्युको त्यो बाकस

भवानी पौडेल

सृष्टिका हरेक चिजहरू आफ्नै गतिमा चल्दै थिए । हरेक वस्तु निश्चित नियमबाट गुज्रिरहेका थिए, ती चाहे प्राकृतिक होऊन् वा कृत्रिम तर हजार सपना देख्ने विशालका आँखाहरू बन्द थिए । चाहनाका सिँढीहरू चढ्ने पाइलाहरू स्थिर थिए । प्रेमको सुवास छर्ने फदयको धड्कन रोकिएको थियो ।

२८ वर्षको जवानी बोकेर कामको खोजीमा विदेश पसेको विशाल ३७ वर्षमा नेपाल फर्कियो तर काठको बाकसमा मृत्यु बनेर । ७५ वर्षीय वृद्धका आँखाहरूले सायद आफ्नो एक मात्र सुपुत्रको मृत्यु भएको कुरा पत्याउन सकिरहेका थिएनन् । ईश्वर यतिबिघ्न कठोर छैनन् भन्ने उनलाई विश्वास थियो ।

उनले कात्रो हटाएर अनुहार गहिरिएर हेरे । उनले यो सबै दृश्य झुट होस् भन्ने चाहन्थे । त्यसैले उनले फेरि नाडी छामे । पीडा पोल्न आँसु थिएन । उनलाई धर्ती भासिएजस्तो लाग्यो, आकाश आफ्नै टाउकोमा बज्रिएजस्तो लाग्यो । सुनामीले आफ्नो जीवनका एकएक खुसीहरू उडाउँदै थियो । उनी बेसरी चिच्याए । उनको त्यो रोदनभित्र पीडाको प्रशान्त सागर थियो, उनको त्यो चित्कारभित्र वेदनाका हजारौं अरिङ्गालहरू थिए । उनको वृद्ध काँधले छोराको शवलाई बोक्न खोज्यो, तर उनलाई त्यसो गर्न दिइएन । उनले सातौं पटक त्यो प्रयास गरिरहे । आफ्नो प्रयास असफल भएपछि अन्तमा उनी बेहोस भएर ढले । विशाल र मनोज बालककालका साथी थिए । उस्तै उमेर, उस्तै परिवेश र एउटै गाउँमा हुर्केका उनीहरू असाध्यै मिल्ने साथी थिए । बाल्यकालको एउटा सुखद् समय, जहाँ न लोभ, न स्वार्थ, न ईर्ष्या, न त विभेदको कुनै रङ्ग । फरक थियो त केवल उनीहरूको आर्थिक परिवेश ।

विशालका बुवा काठको काम गर्ने मिस्त्री थिए भने मनोजका बुवा सरकारी कार्यालयमा नासु थिए । दुवै बालकहरू उत्तिकै चलाख र तीक्ष्ण बुद्धिका थिए । बाल्यकालमा समान रुपमा रहेका उनीहरू समय क्रमसँगै धेरै कुराहरूमा फरक देखिए । विद्यालय फरक, पोशाक फरक, झोला फरक, विद्यालयमा खाने टिफिन फरक अनि विद्यालयको वातावरण नै फरक-फरक थियो । मनोज बोर्डिङ स्कूलमा पढ्न थाल्यो, विशाल सरकारी स्कूलमा । कक्षा पाँचसम्म पढ्दा मनोज खरर्र अंग्रेजी बोल्न सक्ने भयो । विशाल ट्वाल्न परेर ऊ बोलेको सुन्ने मात्र भयो । समयक्रमसँगै मनोजको बुवा दिनेशको बढुवा भयो र उनी काठमाडौंमा बसेर सरकारी काम गर्न थाले ।

मनोज पनि कक्षा ६ देखि काठमाडौंमा बसेर पढ्न थाल्यो । ऊ पढाइमा मेहनती थियो । एसइईमा ए प्लस ल्याएर उत्तीर्ण भयो र विज्ञान विषय लिएर पढ्न थाल्यो । उता विशाल भने एसइई परीक्षामा बि-प्लस ल्याएर उत्तीर्ण भयो । ११, १२ कक्षा पढ्न सक्ने । कारण थियो परिवारको गरिबी । उसको पढाइमा पूर्णबिराम लाग्यो । उसले आफ्नै देशमा काम खोज्यो । उपयुक्त काम नपाएपछि ऊ छिमेकी देश भारत पस्यो ।

भारतमा उसले चौकीदारीको काम गर्यो । जीवन अझ उन्नत बनाउने लालसामा ऊ कामको खोजीमा भौतारिँदा भौतारिँदै मलेसिया पुग्यो र वैदेशिक रोजगारीमा दसौं वर्षको अनुभव प्राप्त गर्यो । उता मनोज भने बितेका यी दश वर्षमा अमेरिकाबाट एमडी गरेर फर्किसकेको थियो । ऊसँग प्राज्ञिक ज्ञानको विशाल अनुभव थियो । त्यही ज्ञानको प्रयोग एउटा कुशल चिकित्सकको रुपमा उसले विरगञ्ज अस्पतालमा गर्न थाल्यो ।

विशालले अनेकौं प्रकारका हण्डर ठक्कर खाइसकेको थियो । कहिले भारत, कहिले मलेसिया गएर अनेक खालका कष्टहरूसँग ऊ परिचित बन्दै गयो । ऊ जहाँजहाँ जान्थ्यो, उसको अगाडि अनेक खालका संकटहरू उसलाई घेर्न आइपुग्थे । उसलाई लाग्यो कि यो संसारमा म दुःख नै झेल्नका लागि जन्मिएको हुँ । हरेक कुराको सीमा भएजस्तै दुःख र पीडाको पनि एउटा सीमा अवश्य हुनेछ ।

यस बीचमा उसलाई के पनि अनुभव भयो भने बाहिरी संसारमा जति विविधता छ, मनुष्यको आन्तरिक संसारमा भने समानता छ । हरेक मनुष्य आफ्नो जीवनमा सुख र दुःखको भारी बोकेर कुदिरहेको छ । दुःखका प्रकृतिहरू मात्र भिन्न भिन्नै छन् । यही सोचेर उसले सन्तोषको श्वास फेर्थ्यो । *-बाँकी पृष्ठ ३ मा....*

साफ च्याम्पियनसिप खेल्न जाने नेपाली टोलीको बिदाइ

काठमाडौँ, ६ साउन (रासस)/ भारतको भुवनेश्वरमा आयोजना हुने यु-२० पुरुष साफ च्याम्पियनसिपमा सहभागिता जनाउन जाने नेपाली फुटबल टोलीलाई आज बिदाइ गरिएको छ ।

यही साउन ९ देखि २० गतेसम्म आयोजना हुने उक्त च्याम्पियनसिपमा सहभागी हुने नेपाली फुटबल टोलीलाई अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकजविक्रम नेम्वाङ, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङलगायत एन्फाका पदाधिकारीले सफलताको गर्दै बिदाइ गरको हो ।

उक्त प्रतियोगितामा आयोजक भारतसँगै नेपाल, बङ्गलादेश, माल्दिभ्स र श्रीलङ्का गरी पाँच टोलीको सहभागिता रहेको छ । नेपालले माल्दिभ्ससँग प्रतिस्पर्धा गर्दै उक्त प्रतियोगिता उद्घाटन गर्नेछ । उक्त खेल यही साउन ९ गते हुनेछ । यसैगरी नेपालले दोश्रो खेल साउन ११ गते श्रीलङ्कासँग र तेस्रो खेल आयोजक भारतसँग खेल्नेछ । नेपाल र भारतबीचको खेल साउन १५ गते हुनेछ । त्यस्तै नेपालले साउन १७ गते बङ्गलादेश खेल्ने छ । प्रतियोगितामा शीर्ष दुई स्थान हात पार्ने टोलीले यही साउन २० गते अन्तिम चरणको खेल्नेछन् ।

नेपाली टोलीको गोलकिपरमा ईश्वर गुरुङ, उनेश चौधरी र जियारथ शेख छन् । यसैगरी डिफेन्डरमा अमर श्रेष्ठ, सोनित दाहाल, आयुश श्रेष्ठ, अजय चौधरी, सुमित श्रेष्ठ, सिर्जन धानी, रोशन थापा र अभिषेक वाइवा रहेका छन् ।

मिडफिल्डरमा दिपेश गुरुङ, आशिष राई, सन्दीप कार्की, जन्मजय धामी, मोहित गुरुङ, कृतिषरत्न छन्जु, सुगम सुवाल, मनग्य नकर्मी र आयुष घलान छन् भने फरवार्डमा दिपेश राई, निरञ्जन मल्ल र रोहन खड्गी रहेका छन् । नेपाली टोली आजै त्यसतर्फ प्रस्थान गर्दैछन् ।

बजेटमा छुट: थपिँदै नेपालमा नै गाडी उत्पादन गर्ने उद्योग

काठमाडौँ, ६ साउन (रासस)/ सरकारले चालु आर्थिक वर्षको बजेटमा दिएको छुट तथा विशेष व्यवस्थाका कारण स्वदेशमा नै 'एसेम्बलिङ' उद्योग स्थापना हुन थालेका छन् । सरकारले बजेटमा नै त्यस्ता उद्योग सञ्चालन गर्नेलाई भन्सार तथा अन्तशुल्कमा छुट दिएको छ । पछिल्लो समय ठूला व्यावसायिक घरानाको ध्यान एसेम्बलिङ उद्योगमा बढेको छ ।

गत आर्थिक वर्षको बजेटमार्फत सरकारले नेपालमा नै 'एसेम्बलिङ' उद्योग सञ्चालन गर्ने उद्योगलाई आवश्यक पर्ने 'पार्टस्' तथा आवश्यक उपकरण आयातमा भन्सार तथा अन्तशुल्कमा छुटको घोषणा गरेको थियो । बजेटमार्फत नै छुट पाउने भएपछि पछिल्लो समय उद्योग विभागमा सवारी एसेम्बलिङ गर्ने उद्योग दर्तामा वृद्धि भएको हो । पूर्वअर्थमन्त्री जनार्दन शर्माले गत जेठ १५ गते सार्वजनिक गर्नुभएको चालु आवको बजेटमा भएको विशेष व्यवस्थाका कारण सिमेन्ट र रडकोसमेत निर्यात हुन थालेको छ ।

उद्योग विभागको तथ्याङ्कअनुसार पछिल्लो समय 'एसेम्बलिङ' गर्ने उद्योगको संख्यामा वृद्धि हुन थालेको हो । तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०७८/७९ मा दुई पाङ्ग्रेदेखि चारपाङ्ग्रे सवारी उत्पादन गर्नेगरी छ वटा उद्योग दर्ता भएका छन् । यसअघि पनि उद्योग दर्ता गर्नेको संख्यामा वृद्धि हुने गरे तापनि उद्योग दर्तामै सीमित भएका थिए ।

हाल नेपालमा दुई कम्पनीले मात्र दुईपाङ्ग्रे सवारी साधन उत्पादन गरेर बिक्री वितरण गर्दै आएका छन् । तथ्याङ्कमा धेरै उद्योग दर्ता भए तापनि हाल नेपालमा गोल्छा समूहको बजाज र शङ्कर समूहको टिभिएसले मात्र मोटरसाइकल उत्पादन गरिरहेका छन् । गत आव २०७८/७९ मा विभागमा सवारी एसेम्बलिङका लागि सुजुकीका कार तथा मोटरसाइकल र तीनपाङ्ग्रे सवारी बनाउन सिजी अटोमोटिभ इन्डस्ट्रिज प्राली, यमाहाको मोटरसाइकल तथा स्कुटर एसेम्बल गर्न एमएडब्लु अटो प्राली, विद्युतीय स्कुटर एसेम्बल गर्न इ-बोल्ट मोबिलिटी प्राली, दुईपाङ्ग्रे सवारी साधन एसेम्बल गर्न ग्लोबल अटोमोबाइल्स, दुईपाङ्ग्रे तथा तीनपाङ्ग्रे सवारी साधन उत्पादन गर्नेगरी दुगड अटो क्लिनिक र दुईपाङ्ग्रेदेखि छ पाङ्ग्रेसम्मका विद्युतीय र पेट्रोलियम पदार्थबाट सञ्चालन हुने गाडी एसेम्बल गर्नका लागि एसजी अटोक्राफ्ट नामक उद्योग दर्ता भएका हुन् ।

सुजुकीका कार तथा मोटरसाइकल र तीनपाङ्ग्रे सवारी एसेम्बल गर्न चौधरी समूहअन्तर्गतको सिजी हेरिङडेले बारावा परवानीपुरमा एक अर्ब ३१ करोड ६९ लाखको लगानीमा उद्योग दर्ता गरेको छ । उक्त कम्पनीले वार्षिक १० हजार दुईपाङ्ग्रे, तीन हजार तीनपाङ्ग्रे र १० हजार चारपाङ्ग्रे सवारी उत्पादनको लक्ष्य राख्दै उद्योग दर्ता गरेको हो । यस्तै यमाहाका मोटरसाइकल तथा स्कुटर नेपालमै एसेम्बल गर्न एमएडब्लु अटो प्रालीले गत असोजमा उद्योग विभागमा दर्ता भएको छ । एमएडब्लु इन्टरप्राइजेजले यमाहा ब्रान्डका मोटरसाइकल तथा स्कुटर एसेम्बलका लागि एक अर्ब ५१ करोड ५० लाख बढीको लगानी गरेको छ । मोरङमा स्थापना गरिएको उक्त उद्योगबाट वार्षिक ३१ हजार मोटर साइकल र १९ हजार वटा स्कुटर उत्पादन हुने जनाइएको छ ।

इ-बोल्ट मोबिलिटी प्राली नामक उद्योग विभागमा दर्ता भएको छ । ललितपुर जिल्लाको गोद्रावरीमा रहने उक्त उद्योगमा २४ करोड ३० लाख लगानी गर्ने स्वीकृत भएको छ । इ-बोल्ट मोबिलिटीले वार्षिक १५ हजार वटा विद्युतीय स्कुटर उत्पादन गर्ने क्षमता रहेको जनाएको छ । यस्तैगरी दुईपाङ्ग्रे सवारीसाधन एसेम्बल गर्न ग्लोबल अटोमोबाइल्स प्राली दर्ता भएको छ । विशाल समूहको लगानीमा मोटरसाइकल तथा स्कुटर र तीनपाङ्ग्रे सवारी उत्पादन गर्ने उक्त उद्योग दर्ता भएको हो ।

वार्षिक ३० हजार मोटर साइकल तथा स्कुटर र पाँच हजार तीनपाङ्ग्रे अटोरिक्सा उत्पादन गर्नेगरी ४६ करोड ४५ लाख ९२ हजारको लगानीमा पर्साको बिन्दवासिनी गाउँपालिका वडा नं १ मा स्थापना हुनेगरी उक्त उद्योग दर्ता भएको हो ।

एलपी ग्यास तथा पेट्रोलियम व्यवसायीका रुपमा चिनिएका व्यवसायी शिवप्रसाद घिमिरेले दुईपाङ्ग्रेदेखि छ पाङ्ग्रेसम्मका विद्युतीय र पेट्रोलियम पदार्थबाट सञ्चालन हुने गाडी एसेम्बल गर्नका लागि एसजी अटोक्राफ्ट नामक उद्योग दर्ता भएका छन् ।

तीन अर्ब बढी लगानीमा बाराको जीतपुर सिमरा उपमहानगर पालिका वड नम्बर ११ मा स्थापना हुने उक्त उद्योगले वार्षिक विद्युतीय मोटरसाइकल तथा स्कुटर २१ सय थान, विद्युतीय तीनपाङ्ग्रे १२ सय थान, विद्युतीय कार-जीप ६०० र इ-बस १२० युनिट उत्पादन गर्नेछ ।

इन्टरनल कम्बसन इञ्जिन (आइसिइ) मोटरसाइकल तथा स्कुटर १० हजार ५०० युनिट, आइसिइ तीनपाङ्ग्रेरिक्सा १५ सय युनिट, आइसिइ फोर हिवलर्स (कार, एसयुभी, जीप) ६०० युनिट र आइसिइ सिक्स हिवलर्स गाडी ७५० युनिट उत्पादन गर्नेछ । दुगड अटो क्लिनिक प्रालीले दुईपाङ्ग्रे सवारीसाधन उत्पादन गर्नेगरी उद्योग दर्ता गरेको छ । ३० करोडको लगानी रहने उक्त उद्योगले वार्षिकरुपमा २४ हजार दुईपाङ्ग्रे र चार हजार वटा तीनपाङ्ग्रे सवारी उत्पादन गर्नेगरी उद्योग दर्ता भएको हो ।

बजेटमार्फत नै सरकारले सवारी एसेम्बलिङ उद्योगमा छुटको घोषणा गरेपछि नयाँ उद्योग दर्ताको संख्यामा वृद्धि भएको उद्योग विभागका महानिर्देशक रामचन्द्र तिवारीले जानकारी दिए । उनले विभिन्न ठूला व्यावसायिक घरानाले नेपालमा नै सवारी एसेम्बलिङ गर्नेगरी उद्योग दर्ता गर्न थालेको बताए ।

नाडा अटोमोबाइल्स एसोसिएसनका अध्यक्ष धुव्रबहादुर थापा सरकारले छुटको घोषणा गरेसँगै व्यवसायीको आकर्षण थपिएको बताए । उनका अनुसार सरकारले विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्न नेपालमा नै सवारी उत्पादन गर्ने उद्योगलाई छुट दिँदा नयाँ उद्योग दर्ता गर्नेको संख्यामा वृद्धि भएको हो । उनले सरकारको अस्थिर नीतिका कारण नेपालमा नै एसेम्बल उद्योग दर्ता गर्न व्यवसायी इच्छुक भए उद्योग दर्ता गरे तापनि तत्काल ठूलो लगानी गर्न सक्ने अवस्था नभएको बताए ।

"नेपालमा नै सवारी एसेम्बलिङ उद्योग दर्ता गर्न ठूलो रकम आवश्यक पर्छ, सरकारको अस्थिर नीतिका कारण व्यवसायी उत्साहित छैनन्, दुईपाङ्ग्रेभन्दा चारपाङ्ग्रेमा धेरै पूँजी खर्च हुन्छ, सरकारले नीतिगतरुपमा नै व्यवस्था नगर्दासम्म ठूला लगानीकर्ता आउने अवस्था देखिएको छैन", उनले भने, "नीति बन्नुपर्छ अनि मात्र लगानी गर्न व्यवसायी उत्साहित हुन्छन्, सरकारले अहिले ल्याएको बजेटकै आधारमा लगानी गर्न व्यवसायी तयार छैनन् ।"

उपत्यकामा नै कुहिने फोहर व्यवस्थापन गर्न पहल

काठमाडौँ, ६ साउन (रासस)/ काठमाडौँ महानगरपालिकाले कुहिने फोहर उपत्यकामा नै व्यवस्थापन गर्नका लागि स्थान पहिचानको कार्यलाई तीव्रता दिएको छ ।

सबै किसिमका फोहर बञ्चरेडाँडा पुऱ्याउँदा पटकपटक समस्या आएकाले प्रभावकारीरुपमा फोहरको दीर्घ समाधानका लागि स्थान पहिचानमा सक्रियता बढाएको कामपाले जनाएको छ ।

बञ्चरेडाँडामा हानिकारक फोहर व्यवस्थापन नगर्ने योजनाअनुरुप कामपाले यस किसिमको अभ्यास सुरु गरेको हो । आगामी तीन महिनापछि कुहिने फोहरलाई मोहर बनाउने योजना रहेको कामपाकाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए । त्यसका लागि एक स्थानमा कम्तीमा करिब ५० रोपनी जग्गा आवश्यक पर्ने हुँदा सोहीअनुरुप खोजी भइरहेको छ । हाल कामपासहित उपत्यकाको १८ स्थानीय तहको सबै खालका फोहर अन्तिम व्यवस्थापनका लागि बञ्चरेडाँडा लाने गरिएको छ । यो नै उपयुक्त विकल्प नभएको कुहिने फोहरलाई उपत्यकामा नै र नकुहिनेलाई अन्तिम व्यवस्थापनका लागि उक्त स्थानमा लाने गरी कामपाले तयारी थालेको छ ।

यही साउन १ गतेदेखि कामपाले कुहिने र नकुहिने फोहरको फरकफरक तरिकाबाट व्यवस्थापनको काम गरिरहेको छ । हाल सम्भावित स्थान पहिचानको काम भइरहेको छ । चन्द्रागिरि, दक्षिणकाली, नागार्जुन, तारकेश्वर र उपत्यका बाहिर बनेपासम्म पनि कामपाका प्रमुख बालेन्द्र साहको सहभागितामा स्थान खोज्ने काम जारी छ ।

हालसम्म उपलब्ध भएका जग्गामा ५० रोपनीदेखि १५० सम्मको छ । अझै बढी उपयुक्त र कम खर्चिलो जग्गाको खोजी कामपा लागिरहेको प्रवक्ता मानन्धरले भने । फोहर व्यवस्थापन गर्न कामपाले चालु आर्थिक वर्षका लागि करिब एक अर्ब बजेट विनियोजन गरेको छ । "उपत्यकाको अन्य स्थानीय निकायका प्रमुखसँग पनि कुराकानी भइरहेको छ, उपयुक्त स्थान पाउनासाथ काम सुरू गर्ने सोचमा छौं । कामपाले फोहरलाई उत्पादनसँग जोड्ने गरी काम गर्न लागेको हो", उनले भने ।

सबै किसिमका फोहर बञ्चररेडाँडा लैजाँदा स्थानीयको स्वास्थ्यमा असर गर्नुका साथै खर्च पनि बढी हुने भएपछि उपत्यकामा नै कुहिने फोहरको व्यवस्थापन कार्य गर्न लागिएको हो ।

विश्व तेक्वान्दोमा अशोक खड्का निर्णायक

काठमाडौँ, ६ साउन (रासस)/ विश्व तेक्वान्दो च्याम्पियनसिपमा सेकेन्ड क्लास अन्तरराष्ट्रिय निर्णायक अशोक खड्काले निर्णायकको भूमिका निर्वाह गर्ने भएको छ ।

उक्त प्रतियोगिता कुर्गेरियाको सोफियामा हुनेछ । प्रतियोगिता अन्तर्गत क्वाडेटको प्रतिस्पर्धा साउन १२ देखि १५ गतेसम्म हुनेछ । साउन १७ देखि २२ गतेसम्म जुनियरको खेल हुनेछ । दुवैमा अशोकले निर्णायकको भूमिका निर्वाह गर्नेछ । प्रतियोगितालाई लक्षित गरी साउन १० र ११ गतेसम्म रेफ्री रिफ्रेसर कोर्स पनि हुनेछ । कोर्समा पनि अशोक सहभागी हुनेछ ।

निर्णायकका लागि विश्व तेक्वान्दोले नै छुनोट गरेको खड्काले जानकारी दिए ।

मृत्युको त्यो...

विशाल जीवनका धेरै सुखहरूबाट लुटिएको थियो । उसले जीवनमा धेरै चिजहरू गुमाएको थियो । भारतमा बसेर काम गर्दा ऊ श्रम शोषणबाट लखेटियो । अपमान र दुर्व्यवहारबाट लखेटियो । मानिसभित्र बाँचिरहेको विवेकहीनता र कठोरताबाट लखेटियो ।

सैषबाट थाक्नु हुँदैन र निरन्तर सपना देख्नुपर्छ भन्ने शिक्षा पाएको विशालले दोश्रो पटक आफ्नो देश छोड्नेबार मलेसिया पस्यो । प्लास्टिकका सामान बनाउने कारखानामा उसले काम गर्न थाल्यो । काममा जोडिएको छ महिना हुँदै थियो, दुर्भाग्यवश असावधानीको कारण करेन्टले उसको दाहिने हात नै गुमाइदियो । कम्पनीको साहुबाट उसले उपचार पाएन । आफ्नै असावधानीले गर्दा भनेर ऊ जिम्मेवारीबाट पन्छियो ।

धेरै दुख गरेर जम्मा गरेको पैसा उसले आफ्नै घाइते शरीरका लागि खर्च गर्नुपर्यो । यहाँसम्म आइपुग्दा उसले अब दुःखका सबै पहाडहरू चढ्दासकेको थियो । दुःखका सबै रङ्गहरूसँग ऊ परिचित थियो । ऊ जस्तोसुकै दुःखको पहलमानसँग पनि हार्नेवाला थिएन । कुनै पनि गुरुहरूबाट प्राप्त नभएको शिक्षा उसलाई दुःखका पाठशालाहरूबाट प्राप्त हुँदै थियो ।

एक महिनाको उपचार पछि उसले घर फर्किने विचार गर्यो । ऊ अब योभन्दा बढी गुमाउन चाहन्न थियो, योभन्दा बढी लुटिन चाहन्न थियो । उसले यी कष्टपूर्ण अध्यायहरू छिट्टै समाप्त गर्न चाहन्थ्यो । उसले के अनुभव गर्यो भने मानिससँग विशेष सीप र क्षमता भयो भने मात्र उसले सहज तरिकाले जीवन जिउन सक्छ । अन्यथा जुनसुकै ठाउँ गए पनि उसको भागमा दुःख नै पर्छ ।

घर फिर्तीको अघिल्लो दिन उसले झोला कस्यो । साथीभाइले गरेको उपचार सहयोगबाट उसले ७० हजार जति पैसा जम्मा गर्न सफल भएको थियो । उसलाई एकातिर आफ्नो देशमा फर्किने र परिवारसँग भेट हुने कुराले रोमाञ्चित बनाएको थियो भने अर्कोतिर आफ्नो अपाङ्ग शरीर देखाउनु पर्दाको पीडाले पिरोलिरहेको थियो । ऊ भोलिको सबै बन्दोबस्त मिलाएर रातको १२ बजे ओछ्यानमा पल्टियो । मनमा अनेक कुराहरूले प्रतिस्पर्धा गर्दै थिए । ऊ भने कतिबेला निदायो पत्तै भएन । तर ऊ कहिल्यै नफर्किने गरी निद्राइसकेको थियो ।

दुष्ट आत्माहरूले उसलाई जिउँदोमा मात्र लुटेनन्, उसको जिन्दगी पनि लुटे । मृत्युपछि पनि उसको धनमाल लुटियो । काठको बाकस भरियो तर ऊ सम्पूर्ण रुपमा रित्तियो । कहिल्यै नफर्किने गरी, कहिल्यै नभेटिने गरी । -साभार: सेतोपाटी

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

लालीगुराँस संरक्षण अभियान

दमौली, ६ साउन (रासस)/ तनहुँको सबैभन्दा अग्लो स्थान आँबुखैरेनीको छिम्केश्वरीमा नेपालको राष्ट्रिय फूल लालीगुरांसको संरक्षण अभियान थालिएको छ । आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरी मन्दिर आसपास लालीगुराँस संरक्षण अभियान सुरुआत गरिएको हो ।

कास्कीका ढाकाराम लामिछानेको सक्रियतामा छिम्केश्वरीमा लालीगुराँसका बिरुवा रोपिएको छ । यसक्रममा ११ प्रजातिका ७० बिरुवा रोपिएको लामिछानेले जानकारी दिए । 'लालीगुराँस फुलाऔं पर्यटक बोलाऔं : हाम्रो अभियान आगन्तुकको प्रोत्साहन' भन्ने मूल नारा सहित छिम्केश्वरीमा लालीगुराँसको बिरुवा रोपण गरिएको उनले बताए ।

उनले कास्की जिल्लाको २३ ठाउँमा लालीगुराँसका बिरुवा रोपिसकेको छ । विगत छ वर्षदेखि लालीगुराँस संरक्षणमा लागेका उनले पहिलोपटक कास्कीको ठूलोकोटमा लगाएको लालीगुराँस फुल्न थालेको जानकारी दिए ।

"नेपालको राष्ट्रिय फूल लालीगुराँसको संरक्षणका लागि निकै कम चासो रहेको पाएपछि यसको संरक्षणका लागि लागेको हुँ," उनले भने, "लालीगुराँस संरक्षण गर्ने काम नेपालमा नभएपछि त्यसतर्फ झुकाव राखेको काम गर्दै आएको छु ।" उनका अनुसार हालसम्म सात हजार आठ सय लालीगुराँसका बिरुवा रोपिसकिएको छ । अहिले रोपिएको लालीगुराँस पाँचदेखि सात वर्षसम्म फुल्छ । अहिलेसम्म ९० प्रतिशत बिरुवा सार्न सफल भइएको उनले बताए । "नेपालका सबै ठाउँमा पुग्छु भन्ने लक्ष्य राखेको छु, मुख्य उद्देश्य भनेको लालीगुराँसको संरक्षण गर्नुपर्छ भन्ने नै हो", उनले भने ।

उनले यस वर्ष तेह्रथुमबाट आठ सय बिरुवा खरिद गरी ल्याएको छ । हालसम्म खर्चको व्यवस्थापन आफैंले गर्दै आएको उनले बताए । "रोन्नुमत्रै ठूलो कुरा होइन, संरक्षण गर्नु ठूलो कुरा हो । जहाँ जहाँ रोपिएको छ, त्यहाँका स्थानीयवासीसँग सहकार्य गर्दै आएका छौं", उनले भने । नेपालमा ३२ प्रजातिका लालीगुराँस रहेको छ ।

छिम्केश्वरीमा लालीगुराँस संरक्षण अभियानमा आँबुखैरेनी गाउँपालिकाले साथ दिएको छ । गाउँपालिकाका अध्यक्ष शुक्र चुमान, उपाध्यक्ष दुर्गा अर्यालल्गायतले लालीगुराँसको बिरुवा रोपण गरेको छ । यस ठाउँमा लालीगुराँस पार्क निर्माण गर्ने गाउँपालिकाको योजना रहेको अध्यक्ष चुमानले जानकारी दिए । लालीगुराँस संरक्षण गर्दै लालीगुराँस हेर्न आँबुखैरेनी जाऔं भन्ने बनाइने उनले बताए ।

छिम्केश्वरीको हावापानी लालीगुराँस फूलका लागि उपयुक्त छ । आँबुखैरेनीमा प्रत्येक वर्ष लालीगुराँस फूल्ने गरेको छ । प्रसिद्ध छिम्केश्वरी मन्दिर पनि रहेकाले यहाँ बर्सेनि सर्वसाधारणको आवतजावत वृद्धि भइरहेको छ ।

समुद्र सतहबाट दुई हजार १३४ मिटर उचाइमा छिम्केश्वरी अवस्थित छ । विशेष गरी होली र नयाँवर्षको अवसरमा छिम्केश्वरी र बूढीमाईको दर्शन गर्न भक्तजनको भीड हुने गर्दछ ।

गोरखा मनकामनाकी दिदीका रुपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पुरा हुने धार्मिक विश्वास रहँदै आएको छ । सात देवीमध्ये जेठी बूढीदेवीमाई र माझली छिम्केश्वरीमाई छिम्केश्वरीलेकमै अवस्थित छन् भने साइली गोरखा कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ ।

७४ लाख मूल्य बराबरको सामान बरामद

वीरगञ्ज, ६ साउन (रासस)/ करिब ७४ लाख मूल्य बराबरको हार्डवेयरका पार्टस एवं खुद्रा सामान बोकेको एउटा ट्रकलाई पर्सा प्रहरीको टोलीले नियन्त्रणमा लिएको छ ।

बिल विजकभन्दा बढी हार्डवेयरका पार्टस एवं खुद्रा सामान बोकेको नाम्बर ५२७३ नंकी मालवाहक ट्रकलाई नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको पर्सा प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक रमेश बस्नेतले जानकारी दिए ।

विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले वीरगञ्ज महानगरपालिका-२१ परवानीपुर चोकस्थित सडकखण्डमा उक्त मालवाहक ट्रकलाई प्रहरीको टोलीले नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिइएको उक्त ट्रक र सामानको समेत गरी ७४ लाख ८७ हजार २२३ मूल्याङ्कन गरी आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता प्रहलाद कार्कीले बताए ।

उक्त ट्रकलाई रोकी जाँच गर्ने क्रममा बिलबिजक शङ्कास्पद देखिएको तथा बिलबिजक बिनाका विभिन्न किसिमका हार्डवेयर पार्टस लोड गरिएको भेटिएपछि सामानसहित ट्रकलाई नियन्त्रणमा लिइएको थियो ।

माओवादीकै पहलमा नागरिकता उपलब्ध हुन्छ: अध्यक्ष दाहाल

काठमाडौँ, ६ साउन (रासस)/ नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफूहरूकै जेडबलमा नै नागरिकताविहीन नेपाली नागरिकले नागरिकता पाउन लागेको बताएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले आफूले पटकपटक नागरिकता विहीनलाई नागरिकता दिलाउने प्रतिबद्धता गरेको स्मरण गरे ।

देशमा माओवादी पार्टी बलियो नभए संघीय लोकतान्त्रिक गणतन्त्र बलियो हुन नसक्ने भन्दै उनले आगामी निर्वाचनमार्फत देशको बागडोर सम्हाल्ने अवसरबाट कोही कसैले रोक्न नसक्ने बताए ।

अध्यक्ष दाहालले परिवर्तन र जनताको परिवर्तनको पक्षमा माओवादीले गरेको योगदानलाई पुनः स्थापित गरेरै छाड्दिने विश्वास व्यक्त गरे । उनले नवप्रवेशीलाई उचित जिम्मेवारी दिन आफूले कुनै कसर बाँकी नराख्ने दृढता प्रस्तुत गरे । उनले पर्सामा कमजोर रहेको माओवादीलाई आजको पार्टी प्रवेशले सबल बनाउने विश्वास व्यक्त गरे । उनले मधेसमा नै माओवादीले जनयुद्धको समयमा ठूलो बलिदान गरेको स्मरण गरे ।

अध्यक्ष दाहालले पार्टी प्रवेशले नयाँ उत्साह थप्ने बताए । कार्यक्रममा जनता समाजवादी पार्टीका केन्द्रीय नेताहरू टेकबहादुर शाक्य, सलाउनि अहमद, कृष्णमोहनप्रसाद यादवलगायत दुई दर्जन नेता तथा कार्यकर्ता माओवादीमा प्रवेश गरेको थियो । नवप्रवेशीलाई अध्यक्ष दाहाललगायत नेताहरूले स्वागत गरेको थियो ।

कतार विश्वकपका लागि नेपाली श्रमिक लैजान अनुमति

काठमाडौँ, ६ साउन (रासस)/ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सन् २०२२ को नोभेम्बरदेखि कतारमा सुरु हुने विश्वकप फुटबल प्रतियोगिताका लागि नेपाली श्रमिक लैजान अनुमति दिएको छ । प्रतियोगिता अवधिभर कतारका विभिन्न कम्पनीले छोटो अवधिका लागि नेपाली श्रमिक लिन चाहेकले मन्त्रालयले अनुमति दिएको हो ।

सो अवधिका लागि सरकारले नेपाली श्रमिक पठाउँदा सबै प्रक्रिया पूरा गरेर पठाउने निर्णयसमेत गरेको छ । काम नै छोटो अवधिका लागि पठाउने भएकाले उनीहरूको श्रम स्वीकृति प्रदान गरेर नै पठाउने निर्णय गरेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव तथा रोजगार व्यवस्थापन महाशाखाका प्रमुख राजीव पोखरेलले जानकारी दिए । कतारका रोजगारदाताले विश्वकपका लागि नेपाली श्रमिक ल्याउन चाहेको दूतावासलाई जानकारी गराएको थियो । श्रमिक माग भएको जानकारी प्राप्त हुनासाथ दूतावासले श्रम मन्त्रालयलाई पत्र लेखेको थियो । मन्त्रालयले निर्णय गरिदिएसँगै दूतावासले छोटो अवधिका लागि श्रमिक लैजान इच्छुक रोजगारदाताले ल्याएका माग प्रमाणीकरण गर्ने भएको छ । सरकारले शून्य लागतमा श्रमिक लैजान सम्बन्धित कम्पनीलाई अनुमति दिनेछ । श्रमिकको दुईतर्फी हवाई टिकटसहित भर्ना प्रक्रियामा लाग्ने सम्पूर्ण खर्चसमेत रोजगारदाताले नै बेहोर्नुपर्ने छ । त्यस्ता श्रमिकले कतारमा काम गर्ने अवधि छ महिनाभन्दा कम समयको हुनेछ । म्यानपावर कम्पनीबाहेक व्यक्तिगत रूपमा यसरी छोटो समयको रोजगारीका लागि जान खोज्नेले भिसा ल्याएर श्रम स्वीकृति लिन आएमा पनि श्रम स्वीकृति प्रदान गर्ने मन्त्रालयले जनाएको छ ।

कानूनअनुसार श्रम स्वीकृतिको अवधि दुई वर्षको हुने व्यवस्था भए पनि कम अवधिको कामको अवसर र भिसा आएमा पनि श्रम स्वीकृति प्रदान गर्ने पनि कानूनी व्यवस्था रहेको सहसचिव पोखरेलले जानकारी दिए । नेपालबाट कतिको संख्यामा श्रमिक लैजाने र सेवा सुविधा कति पाउने भन्ने कुरा भने अहिले नै निश्चित भइसकेको छैन ।

एमाले मकवानपुरको ४५ दिने शुद्धिकरण र सुदृढीकरण अभियान

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ नेकपा एमाले मकवानपुरले जिल्लामा ४५ दिने संगठन शुद्धिकरण तथा सुदृढीकरण अभियान सञ्चालन गर्ने भएको छ ।

३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा प्राप्त मतपरिणाममाथि समिक्षा गर्दै आगामी प्रतिनिधिसभा र प्रदेश निर्वाचनलाई मध्यनजर गरेर शुद्धिकरण र सुदृढिकरण अभियान चलाउने शुक्रबार बसेको जिल्ला कमिटी बैठकले निर्णय गरेको हो ।

एमाले मकवानपुरको चौथो पूर्ण जिल्ला बैठकको निर्णय सार्वजनिक गर्दै सचिव नविन सिग्देलले पार्टीलाई नयाँ ढंगबाट सशक्तरुपमा अगाडि बढाउने गरी अभियान सञ्चालन हुने जानकारी दिए । बैठकले पार्टीको पालिका, वडा र टोलस्तरमा पूर्वतयारीका साथ बैठक बस्ने, टोल कमिटी गठन गर्न बाँकी टोल कमिटीहरु गठन गर्ने, निस्क्रिय र विवादास्पद कमिटीहरु पुर्नगठन गर्ने, पार्टी सदस्यअभियानको रुपमा नवीकरण गर्ने निर्णय गरेको छ ।

सचिव सिग्देलले मापदण्ड पुगेकाको नयाँ सदस्यता फारम भर्ने, जनसंगठनको जिल्ला सम्मेलन आयोजना गर्ने, पालिका कमिटी र वडा कमिटीहरु व्यवस्थित गर्ने, पार्टीको पालिका, वडास्तरसम्म र जनसंगठनको पालिकास्तरसम्म, जनप्रतिनिधिहरुको पालिकास्तरमा प्रशिक्षण कार्यक्रम आयोजन गर्नेलगायत निर्णय भएको जानकारी दिए । प्रदेश, जिल्ला र पालिकास्तरमा 'अग्रजबाट सिकौं र अग्रजहरुलाई सम्मान गरौं' कार्यक्रम आयोजना गर्ने, बुद्धिजिवी, विषय विज्ञहरुसँग पार्टीप्रतिको असन्तुष्टि, आलोचना, सुझाव र टिप्पणी जिल्ला र पालिकास्तरमा सुझाव संकलन गर्ने, वडा तहसम्मको पार्टी कार्यालय व्यवस्थित गर्ने निर्णय भएको जनाइएको छ ।

जिल्ला र पालिकाको आन्तरिक लेखापरीक्षण गर्ने, पार्टी प्रवेश गरेकाहरुलाई पालिका कमिटीको संकियतामा प्रवेश फर्म भराउने, अभिलेख राख्ने र जिम्मेवारी दिने निर्णय भएको सिग्देलले बताए ।

प्रतिनिधिसभा र प्रदेशसभाको क्षेत्रस्तरमा यर्थात् राजनीतिक शक्ति सन्तुलन के छ ? जानकारी लिने, आगामी निर्वाचनलाई ध्यानमा राखेर छुट भएकाहरुलाई मतदाता नामावलीमा नाम समावेश गराउन पहल गर्ने, अभियान अवधिमा भएगरेका कार्यहरुको प्रचारलाई व्यवस्थित बनाउनको लागि जिल्ला र पालिका कार्यालयमा सूचना व्यक्ति तोक्नुपर्ने, पार्टी पालिका कमिटीले पार्टी पालिका कमिटी सदस्यहरु तथा वडा कमिटीका सदस्य तथा पदाधिकारी तथा सदस्यहरुको र जनवर्गीय संगठनको जिल्ला कमिटीका पदाधिकारी तथा सदस्यहरुको नाम, ठेगाना, कार्यक्षेत्र र फोन नम्बर सहितको विवरण साउन मसान्तसम्म उपलब्ध गराइसक्नुपर्नेलगायतका निर्णयहरु गरिएको सचिव सिग्देलले जानकारी दिए । बैठकले विभिन्न विभागहरु पनि गठन गरेको छ । यसैगरी, एमाले मकवानपुरको पार्टी जिल्ला कमिटीको आयोजनामा देशमा बढ्दो महंगी, भ्रष्टाचार, अनियमिता, हत्या, हिंसा बेथितिविरुद्ध १० साउनमा हेटौंडामा प्रदर्शन गर्ने निर्णय गरिएको छ ।

स्थानीय निर्वाचनपछि पालिकाहरुले राजनीतिक पूर्वाग्रहको आधारमा ज्यानादारी र करार कर्मचारी हटाउने निर्णय खेदजनक रहेको र जनताको साझा निकाय स्थानीय तह भएकोले यसप्रति पार्टी जिल्ला कमिटीको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । कर्मचारी हटाउने निर्णय सच्चाउन र निस्कासित कर्मचारीको बहालीको लागि आग्रह गर्ने निर्णय गरिएको छ ।

एमाले पार्टी स्थायी कमिटीका सदस्य तथा बाग्मती प्रदेश इन्चार्ज काशिनाथ अधिकारीको प्रमुख आतिथ्यता तथा एमाले मकवानपुर अध्यक्ष एकालाल श्रेष्ठको अध्यक्षतामा बैठक बसेको हो । बैठकमा केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज रामेश्वर राना, सहइन्चार्जहरु बागमती प्रदेश कमिटीका उपसचिव महेशकुमार बर्तौलासहित प्रदेश कमिटीका सदस्यहरुको विशेश उपस्थिति थियो । एमालेका स्थायी कमिटी सदस्य तथा बागमती ईन्चार्ज अधिकारीले मोर्चा गठबन्धनका कारण देश नबनेको बताए । देश बनाउन सशक्त पार्टी चाहिने भन्दै उनले एमाले उपयुक्त रहेको बताए । एमालेसँग देश बनाउने सामर्थ्य रहेको अधिकारीको दाबी छ ।

'कमिशनको लोभमा' कानुन विपरित सामान खरिद

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ कमिशनको चक्करमा परेर घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरले आर्थिक वर्ष २०७७/०७८ मा कानुनविपरित सामान खरिद गरेको खुलेको छ ।

तत्कालीन कार्यालय प्रमुखले सार्वजनिक खरिद नियमावलीको धज्जी उठाउँदै सामान खरिद गरेर अनुमितता गरेको आशंका पैदा भएको छ ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरले सार्वजनिक खरिद नियमावली विपरित प्रतिस्पर्धा नै नगरी 'सेटिङ'मा आवश्यक सामग्री खरिद गरेको खुलेको हो ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा बोलपत्रको माध्यमबाट गर्नुपर्ने प्रावधान छ । तर, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरले २६ लाख ६९ हजार रुपैयाँ लागत अनुमान भएको मेसिन, उपकरण तथा सामान खरिद गर्दा खरिद नियमावली विपरित सिधै खरिद गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

बोलपत्रबाट प्रतिस्पर्धा हुँदा कमिशन नपाइने भएपछि कार्यालय प्रमुखले कमिशनको चक्करमा परेर सोझै सामान खरिद गरेको आशंका पैदा भएको हो । महालेखाले कार्यालयलाई नियमावलीले व्यवस्था गरेको विधि अबलम्बन गरी खरिद गर्न सुझावसमेत दिएको छ ।

महालेखाका अनुसार घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरसहित विभिन्न जिल्लाका घरेलु कार्यालयहरुले बिना प्रतिस्पर्धा समान खरिद गरेको उल्लेख गरेको हो । प्रविधि हस्तान्तरण कार्यक्रमअन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय रामेछापले ५९ लाख रुपैयाँमा मेसिनरी, उपकरण तथा विभिन्न सामान खरिद गर्दा बोलपत्रको माध्यमबाट नगरीकन सोझै खरिद गरेको जनाइएको हो ।

इन्द्रसरोवर गाउँपालिका-२, कुलेखानीको भालुखर्क र सुकौरामा ५ साउन बिहीवार सञ्चालन गरिएको सामाजिक सुरक्षा भत्ताको चौथो त्रैमासिक किस्ताको भुक्तानी लिँदै एक बृद्धा । उनलाई गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले भत्ता वितरण गरेका थिए । इन्द्रसरोवरले वडा तहमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आइरहेको छ । इन्द्रसरोबर भौगोलिकरुपले विकट भएका कारणपनि विगतदेखि नै वडावडामै सामाजिक सुरक्षा भत्ता वितरण गरिँदै आएको छ । *तस्वीर: गाउँपालिका कार्यालय*

नागरिकता विधेयक माथि छलफल जारी

काठमाडौं, ६ साउन (रासस)/ प्रतिनिधिसभाको शुक्रबारको बैठकमा नेपाल नागरिकता ऐन, २०६३ (पहिलो संशोधन), विधेयक २०७९ माथि छलफल जारी छ ।

सो विधेयकमाथिको छलफललाई सदनभित्र र बाहिर चासोका साथ हेरिएको छ ।

शुक्रबारको बैठकमा गृहमन्त्री बालकृष्ण खँण्डेले दफाबार छलफलका लागि प्रस्तुत गर्नुभएको प्रस्ताव पारित भएपछि संशोधनकर्ता सांसदले आफ्नो धारणा राख्ने क्रम सुरु भएको हो । नागरिकताको अधिकार, राष्ट्र, राष्ट्रियता राष्ट्रिय स्वाधीनतासँग सो विधेयक छिटो पारित गर्न सबै दल सहमत देखिए पनि त्यसभित्रका कतिपय व्यवस्थामा बहस भइरहेको छ ।

संविधानअनुसार नागरिक विधेयक पहिलोपटक पारित हुने बिन्दुमा पुग्नु सकारात्मक भए पनि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गर्नेबित्तिकै नभई विवाहको सात वर्षपछि मात्रै विदेशीलाई अङ्गीकृत नागरिकता दिने व्यवस्था गर्न माग आएको छ । नागरितासम्बन्धी कानुनको अभावमा नागरिकताविहीन बनेका युवाका लागि यो विधेयक अत्यावश्यक भएको तर नागरिकमाथि समानताको हक कायम गर्न विधेयकमा संशोधन आवश्यक भएको सांसद्ले औंल्याएका छन् ।

बैठकमा डा. भीमबहादुर रावल, कृष्ण राई, सुजिता शाक्य, शेरबहादुर तामाङ, गणेश पहाडी, लालबाबु पण्डित, वीनाकुमारी श्रेष्ठ, झपट रावल, सरिता न्यौपाने, रामकुमारी झाँक्री, वृजेशकुमार गुप्तालगायतले संशोधनसहित छलफलमा भाग लिएको छ ।

शनिबार पनि नापतौल यन्त्रको दर्ता तथा नवीकरणको सेवा

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ हेटौंडामा मकवानपुर उद्योग वाणिज्य संघको सहजीकरणमा भइरहेको नापतौल यन्त्रहरुको दर्ता तथा नवीकरण सेवा आज शनिबार पनि हुने भएको छ ।

संघले एक सूचना जारी गर्दै सार्वजनिक बिदाको दिन भएपनि शनिबार सेवा प्रवाह हुने जानकारी दिएको हो । ७ साउन आज शनिबार संघ भवनको हलमा नापतौल यन्त्रहरुको दर्ता तथा नवीकरण नियमित हुने अध्यक्ष कृष्णकुमार गुप्ताले जानकारी दिए ।

शुक्रबार ५७ वटा फर्मको नापतौल यन्त्रहरुको दर्ता तथा नवीकरण कार्य भएको संघले जानकारी दिएको छ । बिहीवार ४३ वटा फर्मले मात्रै सेवा लिएका थिए । नापतौल यन्त्र दर्ता तथा नवीकरणको लागि गुणस्तर तथा नापतौल कार्यालय, वीरगञ्जबाट ४ सदस्यीय टोली खटिएका छन् ।

कार्यालयले हेटौंडाका अन्य केही स्थान र मनहरीबाटसमेत

नापतौल दर्ता तथा नवीकरण सेवा संचालन गर्ने जनाएको छ । ७ दिनको लागि गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जले टोली खटाएको हो । नापतौल यन्त्रहरु दर्ता तथा नवीरकण गर्न मकवानपुर जिल्लाका उद्योगी/व्यवसायीहरुलाई वीरगञ्ज जानुपर्ने झन्झटलाई न्यूनीकरण गर्न एक हप्ताको लागि संघमा निम्त्याइएको मउवा संघका अध्यक्ष अग्रवालले बताए ।

नापतौल यन्त्र नयाँ दर्ता गर्न ३५ दिन भित्र नापतौल यन्त्र खरिद गरेको सक्कल भ्याट बिल, हुलाक टिकट, आन्तरीक राजस्व कार्यालयमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, काँटा र काँटाको क्षमताको १० प्रतिशतले हुने बराबरको ढक साथमा ल्याउनु पर्ने संघले जनाएको छ ।

नवीकरणको लागि हुलाक टिकट, गतवर्ष जाँच गरेको प्रमाण पत्र/अनुमति पत्र वा सोको प्रतिलिपि, आफ्नो काँटा र काँटाको क्षमताको १० प्रतिशतले हुने बराबरको ढक साथमा ल्याउनुपर्ने गुणस्तर तथा नापतौल कार्यालयले जनाएको छ ।

राष्ट्रिय फुटबल टोलीको प्रशिक्षकमा थापा नियुक्त

काठमाडौं, ६ साउन (रासस)/ अखिल नेपाल फुटबल संघ (एन्फा)ले नेपाली राष्ट्रिय महिला फुटबल टोलीको मुख्य प्रशिक्षकमा कुमार थापालाई नियुक्त गरेको छ ।

आगामी भदौ २१ देखि असोज ३ गतेसम्म नेपाललमै आयोजना हुने महिला साफ च्याम्पियनसिपका लागि एन्फाले थापालाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको हो ।

प्रशिक्षक थापाले यसअघि पनि महिला टोललाई प्रशिक्षण गराइसकेको थियो । त्यस्तै एन्फाले महिला टोलीको टिम म्यानेजरमा वृन्दा देवानलाई नियुक्त गरेको जनाएको छ । प्रतियोगितामा विभिन्न सात राष्ट्रको सहभागिता रहनेछ । जसमा आयोजक नेपालसँगै भारत, भुटान, बङ्गालदेश, माल्दिभ्स, श्रीलङ्का र पाकिस्तान रहेका छन् । नेपालले यस अघि पाँचौं संस्करणको महिला साफ आयोजना गरेको थियो ।

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	Negotiable	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

पुष्पलाल स्मृति दिवस मनाइँदै

काठमाडौं, ६ साउन (रासस)/ एमालेले आज साउन ७ गते ४४ औं पुष्पलाल स्मृति दिवस मनाउँदैछ ।

नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको स्मृतिमा एमालेले शनिबार बिहान ताम्सीपाखामा कार्यक्रम गरी स्मृति दिवस मनाउन लागेको हो ।

हार्दिक श्रद्धाञ्जली

जन्म: २०१६ भाद्र १२
स्व.दिपकरुद्र कर्माचार्य
मृत्यु: २०७९ असार २७

हाम्रा आत्मीय मित्र **दिपकरुद्र कर्माचार्य**को असामायिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिव्य आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

हिरा लामा
मृगेन्द्र मानन्धर
श्यामकृष्ण मानन्धर
सुवर्ण मान श्रेष्ठ
प्रेम लाल श्रेष्ठ
➡
सिद्धि तन्डुकार
विमेशलाल श्रेष्ठ
विष्णु राजथला
महेश्वरमान श्रेष्ठ
शमशेर श्रेष्ठ
➡
अजय मानन्धर
उदयकृष्ण मानन्धर
शैलेस मानन्धर
सुन्दर लाल श्रेष्ठ
राम लाल राजथला

प्रोपाईटर: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२
विक्की फ्रेस मिट शप
हेटौंडा-२, चौकीटोल
हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७७१६६४, ९८५५०३१६६४

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल** कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना